


# आर्थिक सर्वेक्षण २०८०/०८१




## अपिहिमाल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खण्डेश्वरी, दार्चुला
## सुदुरपश्चिम प्रदेश नेपाल

# कार्यदलको भनाई

स्थानीय आर्थिक विकास मूल्याँकन कार्यविधि, २०७९ बमोजिम स्थानीय तहले निर्माण गर्नुपर्ने स्थानीय आर्थिक सर्वेक्षणलाई अपिहिमाल गाउँपालिकाले पहिलो पटक निर्माण गर्ने जमर्को गरेको छ । यस सन्दर्भमा गाउँपलिकाको निर्णय अनुसार स्थानीय आर्थिक विकास मूल्याँकन कार्यविधि, २०७९ को अनुसूची-६ मा उल्लेख भएका विषयहरुको आधारमा आर्थिक सर्वेक्षणको मस्यौदा तयारी गर्न विभिन्न विषयगत शाखाका शाखा प्रमुख तथा प्रतिनिधिहरु रहेको एक आर्थिक सर्वेक्षण मस्यौदा तयारी कार्यदल गठन गरी मस्यौदा तयारी गर्ने जिम्मेवारी प्रदान गरिएको हो। उक्त कार्यदलको अथक मेहेनत र प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुखहरु एवं वडा सचिव लगायतको प्रभावकारी सहयोग तथा समन्वयबाट प्रस्तुत मस्यौदा तयार गरिएको छ।

प्रस्तुत आर्थिक सर्वेक्षणको मस्यौदामा गाउँपालिकाको आर्थिक सामाजिक क्षेत्रमा गाउँपालिकाको बास्तबिक अवस्था प्रतिबिम्बित गरिएको छ । प्रस्तुत दस्ताबेजमा गत आ.व. ०७९/०८० र चालु आ.व. ०८०/०८१ को चैत्र मसान्त सम्मको यथार्थ विवरण राखिएको छ । यसबाट आगामी दिनमा नगरपालिकाले लिनुपर्ने नीति कार्यक्रम, आवधिक योजना तयारी, मध्यकालिन खर्च संरचना निर्माण, दिगो विकास लक्ष्यको स्थानीयकरण एवं वार्षिक योजना तयारीको लागि समेत आवश्यक मार्गदर्शन हुने विश्वाश लिइएको छ ।

अन्त्यमा, आर्थिक सर्वेक्षणको मस्यौदा तयार गर्न कार्यदललाई मस्यौदा तयारीका दौरानमा निरन्तर आवश्यक हौसला तथा पृष्ठपोषण प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत शाखाका प्रमुखहरु तथा वडा सचिबज्यूहरुप्रति कार्यदलको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौं।

कार्यदलका सदस्यहरु

१. ईन्द्र रावल (प्रमुख प्रशासकिय अधिकृत) - संयोजक
२. प्रमोद सिंह मन्याल(सूचना प्रविधि अधिकृत) - सदस्य
३. विरेन्द्र साउद(शिक्षा अधिकृत - सदस्य
४. राजेन्द्र सिंह धामी(स्वास्थ्य संयोजक अधिकृत) -सदस्य
५. हेम बहादुर सिंह बोहरा (रोजगार संयोजक) -सदस्य
६. ललिता जोशी ( सव ईन्जिनियर) -सदस्य
७. धर्मानन्द भट्ट -सदस्य सचिव

## १. कार्यकारी सारांश

क) विश्व अर्थतन्त्र विभिन्न उतारचढावका बाबजुद विश्व अर्थतन्त्रमा सुधार हुँदै गएको छ। सन् २०२२ को मध्यतिरबाट विश्व मुद्रास्फीति कम हुँदै गएसँगै विश्व आर्थिक क्रियाकलापमा विस्तार हुँदै गएको छ। फलस्वरूप, यस अघि सुस्त रहेको विश्व अर्थतन्त्रको वृद्धि सन् २०२३ देखि सन् २०२५ सम्म करिब स्थिर रहने र विश्व अर्थतन्त्र थप उत्थानशील बन्ने अनुमान छ।

मुद्रास्फीति घट्दै गएसँगै अधिकांश मुलुकका केन्द्रीय बैङ्टले लचिलो मौद्रिक नीति अवलम्बन गर्दै आएका कारण वित्तीय गतिविधिमा बढोत्तरी, पुँजी आप्रवाहमा वृद्धि र न्यून आय भएका देशको बजार पहुँच बढेको छ। विकसित मुलुकको ब्याजदर नियमन नीतिका कारण त्यस्ता मुलुकको बचत परिचालन बढेको छ। न्यून आय भएका मुलुकको सार्वजनिक व्रष्धण उच्चदरमा बढ्दै गएकोले वित्तीय स्थायित्वका लागि कसिलो वित्त नीति अवलम्बन गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

रुस-युक्रन र गाजा-इजरायल द्वन्द्वका कारण मध्यकालमा विश्वव्यापी मुद्रास्फीतिमा दबाव सिर्जना हुने अनुमान छ। फलस्वरूप, बैङ्क व्याजदर समेत वृद्धि हुन गई सम्पत्तिको मूल्य समेत घट्ने अनुमान छ। सार्वजनिक ऋण उच्च रहेको सन्दर्भमा राजस्व परिचालनमा वृद्धि र सार्वजनिक खर्च कटौती गर्नुपर्ने अवस्थाले आर्थिक क्रियाकलापमा सुस्तता आउन सक्ने एवं लगानीकर्ताको विश्वास कमजोर हुने जोखिम भने कायम छ। चीन-अमेरिकाबीच उत्पन्न व्यापार तनावका कारण संरक्षणवादले प्रश्रय पाउने र भू आर्थिक धुव्रीकरणबाट वस्तु, पुँजी र श्रमिकको निर्बाध प्रवाहमा अवरोध सिर्जना हुनसक्ने जोखिम पनि उत्तिकै रहेको छ। विश्व मुद्रास्फीतिमा देखिएको सुधारसँगै आर्थिक क्रियाकलापमा भएको विस्तारले विश्व आर्थिक वृद्धिमा सकारात्मक प्रभाव परेको छ। यद्यपि, रुस-युक्रेन युद्ध, भू-राजनीतिक तनाव, न्यून उत्पादकत्व र उच्च ऋण्ण लागतका कारण अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ। सन् २०२३ मा समेत विश्व अर्थतन्त्र सोही दरमा विस्तार भएको अनुमान छ।

सन् २०२२ को मध्यमा उच्च रहेको विश्व मुद्रास्फीति घट्दै जानु, आर्थिक गतिविधि बढ्दै जानु, विश्व अर्थतन्त्रको वृद्धिदर पूर्वानुमान भन्दा उच्च रहनु र सरकारी खर्च तथा घरपरिवार उपभोगको वृद्धि अपेक्षा गरिए भन्दा उच्च रही समष्टिगत माग बढ्दै गएकोले सन् २०२३ पश्चात विश्व अर्थतन्त्र क्रमशः सामान्यीकरणतर्फ उन्मुख हुँदै गएको छ।

ख) नेपालको आर्थिक वृद्धि :कृषि, यातायात तथा भण्डारण, आवास तथा भोजन, वित्तीय तथा बीमा र पेशागत वैज्ञानिक क्षेत्रमा भएको वृद्धिका कारण चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ३.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धि १.९५

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

प्रतिशत रहेको थियो । हिउँदे बाली र नगदे बाली तथा पशुपन्छीजन्य उत्पादनमा भएको वृद्धिको फलस्वरुप कृषि क्षेत्रको उत्पादनमा सुधार हुने अनुमान छ। गैरकृषि क्षेत्रतर्फ उत्पादनमूलक उद्योग र निर्माण बाहेक अन्य क्षेत्रको उत्पादन बढ्ने अनुमान छ। फलस्वरुप, चालु आर्थिक वर्षमा कृषि क्षेत्रको उत्पादन ३.०५ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ३.७५ प्रतिशतले बढ्ने अनुमान छ । गत आर्थिक वर्षमा कृषि र गैरकृषि क्षेत्रको उत्पादन क्रमशः २.७६ प्रतिशत र २.१३ प्रतिशतले बढेको थियो । चालु आर्थिक वर्षमा धानको उत्पादन ४.३३ प्रतिशतले वृद्धि भएको छ । कुल परिवारमध्ये कृषि कार्यमा संलग्न परिवार ६२ प्रतिशत रहेपनि कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान पछिल्ला वर्षमा क्रमशः घट्दै गएको छ ।सेवा क्षेत्रको योगदान बढ्दै गएको छ । चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०९ प्रतिशत, १३ प्रतिशत, १३.६० प्रतिशत र ६२.४८ प्रतिशत रहेको थियो।

ग) अपिहिमाल गाउँ पालिकाको गत आर्थिक बर्ष २०७९-०८० र चालु आर्थक बर्ष बैशाख मसान्त सम्मको चालु खर्च, पूंजिगत खर्च आन्तरिक आय वित्तिय हस्तान्त्रण


| क्र.स. | विवरण | आ.व. २०७९-०८० को बर्षिक प्रगति | प्रगति प्रतिशत % | आ.व. २०८०-०८ को बैशाख मसान्त सम्मको प्रगति | प्रगति प्रतिशत % | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चालु खर्च | १९,६८,८७,०६३.९८ | ८५.६७% | १२,७८,९२,०७८.९३ | ५८.८५% | |
| २ | पूंजिगत खर्च | ११,२४,९३,१७६.१ | ९०.५१% | ४,२५,०८,९९५.०१ | ४३.४% | |
| ३ | आन्तरिक आय | १८,१६,३८३.०२ | ७२.६६% | ८,२५,०९२.०२ | ३१% | |
| ४ | वित्तीय हस्तन्त्रण | २८,८४,२१,६६५.३९ | ८६.०७% | २३,३९,०८,८५२.११ | ७८.२% | |

अपिहिमाल गाउँ पालि...
गाउँ कार्यपालिकाको ...
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

घ) अपिहिमाल गाउँपालिका चालु आर्थिक बर्षको १० महिना र गत आर्थिक बर्षको आर्थिक विकास क्षेत्रमा भएको प्रगति, स्थानीय पूर्वाधार विकास, वातावरण क्षेत्रमा भएको प्रगति र संस्थागत पूर्वाधार क्षेत्रमा भएको प्रगति

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | (आ.व. २०७९/०८०) विनियोजन | (आ.व. २०७९/०८०) खर्च | खर्च (%) | (आ.व. २०८०/०८१) विनियोजन | (आ.व. २०८०/०८१) बैशाख महिनाको सम्मको खर्च | खर्च (%) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७५५०००० | ३०१६२२७५. | ८०.३३ | २५५००००० | ८५३२७०८.३५ | ३३.४६ |
| २ | सामाजिक विकास | १४५९८७००० | १३२३९१६९२.१८ | ९०.६९ | १५७४१११८१.६६ | ९४८३०९९२.०२ | ६०.२४ |
| ३ | पूर्वाधार विकास | ८५५६६२०० | ७६३२४३६४. | ८९.२ | ५११७०००० | २३९०२१४०.३४ | ४६.७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २३९०७०९२ | २०५०२८०६. | ८५.७६ | ११३०५००० | ६७२८४५०. | ५९.५२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६११०१००० | ४९९९९१०२.९ | ८१.८३ | ६७८४२८०० | ३६४०६७४३.२३ | ५३.६६ |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल




ङ) अपिहिमाल गाउँपालिकाको अर्थ तन्त्रको प्रमुख चुनौतीहरु

च) अपिहिमाल गाउँपालिकामा निजि क्षेत्रबाट भएका मुख्य कामको उपलब्धि

छ) अपिहिमाल गाउँपालिकामा सहकारी क्षेत्रबाट भएका उपलब्धि

- गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका १ वटा सहकारी संस्था कोपोमिस प्रणालीमा आवद्ध भएको ।
- साविक डिभिजन सहकारी कार्यालयबाट सम्पादन हुने सबै कार्यहरु हाल सहकारी इकाईबाट सम्पादन भएका ।
- हालसम्म कोपोमिस प्रणालीमा प्रपिष्ट भएको:

  कुल बचत रु: ३५०३५२८६।००

  कूल शेयर लगानी रु: ११९५७५००।००

  कूल ऋण लगानी रु: ४३५९१२०९।००
- गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सबै सहकारी संस्थाका संचालक समिति सदस्य तथा व्वस्थापहरुका लागि सहकारी नेतृत्व विकास तथा व्यवस्थापन तालिम गरिएको ।
- सहकारी क्षेत्र संचालनको लागि अपिहिमाल गाउँपालिकाको सहकारी ऐन, २०७५ जारी भई कार्यान्वयनमा रहेको ।

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

- अपिहिमाल गाउँपालिकाको सहकारी ऐन, २०७५ अनुसार १ बहुउद्देय सहकारी संस्था दर्ता भएको ।
- सहकारी संस्थाहरुको नियमित अनुगमन गर्ने गरिएको ।

## २. समग्र आर्थिक स्थिति

### क) अन्तराष्ट्रिय स्थितिः

रुस-युक्रेन र गाजा-इजरायल द्वन्द्वका कारण मध्यकालमा विश्वव्यापी मुद्रास्फीतिमा दबाव सिर्जना हुने अनुमान छ । फलस्वरुप, बैङ्क ब्याजदर समेत वृद्धि हुन गई सम्पत्तिको मूल्य समेत घट्ने अनुमान छ। सार्वजनिक ऋण उच्च रहेको सन्दर्भमा राजस्व परिचालनमा वृद्धि र सार्वजनिक खर्च कटौती गर्नुपर्ने अवस्थाले आर्थिक क्रियाकलापमा सुस्तता आउन सक्ने एवं लगानीकर्ताको विश्वास कमजोर हुने जोखिम भने कायम छ । चीन-अमेरिकाबीच उत्पन्न व्यापार तनावका कारण संरक्षणवादले प्रश्रय पाउने र भू-आर्थिक ध्रुवीकरणबाट वस्तु, पुँजी र श्रमिकको निर्वाध प्रवाहमा अवरोध सिर्जना हुनसक्ने जोखिम पनि उत्तिकै रहेको छ ।

भविष्यमा आपूर्तिमा आउनसक्ने अवरोध कम गर्दै मानिसको जीविकोपार्जनलाई सहज बनाउन सामाजिक संरक्षण र सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, उर्जाको रुपान्तरण र उर्जा सुरक्षा क्षेत्रमा स्रोत व्यवस्थापन गर्ने नीतिलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । जलवायु परिवर्तन र भू-आर्थिक

ध्रुवीकरणबाट सिर्जित लागत कम गर्न, हरित उर्जाको रुपान्तरणलाई तीव्र पार्न, भू-राजनीतिक सन्तुलन कायम राख्न एवं सार्वजनिक ऋण पुनसँरचनालाई सहजीकरण गर्न बहुपक्षीय समन्वय र साझेदारी
अपरिहार्य छ ।

### ख) विश्व आर्थिक वृद्धिदरः

विश्व मुद्रास्फीतिमा देखिएको सुधारसंगै आर्थिक क्रियाकलापमा भएको विस्तारले विश्व आर्थिक वृद्धिमा सकारात्मक प्रभाव परेको छ । यद्यपि, रुस-युक्रेन युद्ध, भू-राजनीतिक तनाव, न्यून उत्पादकत्व र उच्च ऋण लागतका कारण अन्तराष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले बिस्तार हुने प्रक्षेपण गरेको छ । सन् २०२३ मा समेत विश्व अर्थतन्त्र सोही दरमा बिस्तार भएको अनुमान छ । सन् २०२२ को मध्यमा उच्च रहेको विश्व मुद्रास्फीति घट्दै जानु, आर्थिक गतिविधि बढ्दै जानु, विश्व अर्थतन्त्रको वृद्धिदर पूर्वानुमान भन्दा उच्च रहनु र सरकारी खर्च तथा घरपरिवार उपभोगको वृद्धि अपेक्षा गरिए भन्दा उच्च रही समष्टिगत माग बढ्दै गएकोले सन् २०२३ पश्चात विश्व अर्थतन्त्र क्रमशः सामान्यीकरणतर्फ उन्मुख हुँदै गएको छ ।

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

सन् २०२४ मा बिकसित मुलुकको आर्थिक वृद्धिमा सुधार हुने प्रक्षेपण रहेको छ ।सन् २०२३ मा १.६ प्रतिशतले विस्तार भएको विकसित मुलुकको अर्थतन्त्र सन् २०२४ मा १.७ प्रतिशतले बिस्तार हुने प्रक्षेपण छ । सन् २०२१ मा उदयीमान् तथा विकासशील मुलुकको अर्थतन्त्र उच्चः दरमा बिस्तार भएपनि त्यसपछिका वर्षमा भने औसत आर्थिक वृद्धि ४.२ प्रतिशत रहेको छ।सन् २०२४ मा यस्ता मुलुकको अर्थतन्त्र ४.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ । सन् २०२३ मा उदयीमान् तथा विकासशील मुलुकको अर्थतन्त्र ४.३ प्रतिशतले विस्तार भएको अनुमान छ।

**ग) नेपालको आर्थिक स्थितिः**

अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक र उत्साहजनक रहेका छन्। गत आर्थिक वर्ष न्यूनदरमा विस्तार भएको नेपालको अर्थतन्त्रमा चालु आर्थिक वर्ष केही सुधार हुने अनुमान छ। कृषि र सेवा क्षेत्रको उत्पादन बढ्ने र उद्योग क्षेत्रको उत्पादनमा सङ्कुचन आउने देखिन्छ। विप्रेषण आप्रवाह र पर्यटनबाट आर्जन हुने भ्रमण आयमा भएको वृद्धि तथा व्यापार घाटामा भएको सुधारका कारण चालु खाता बचतमा रहेको छ।फलस्वरूप, विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च रहन पुगेको छ। समग्रमा, अर्थतन्त्रको वाह्य क्षेत्र सन्तुलित र सुदृढ बन्दै स्थायित्व कायम भएको छ। विगतमा उच्च रहेको उपभोक्ता मुद्रास्फीति अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको कमी र छिमेकी मुलुक भारतको मुद्रास्फीतिमा आएको कमीका कारण घट्दै गएको छ।

सार्वजनिक वित्त परिचालन दबावमुक्त भइसकेको छैन। समष्टिगत मागमा वृद्धि नहुँदा आन्तरिक उत्पादनका साथै निर्माणजन्य सामग्रीको आयातमा कमी आएको छ। सरकारको पुँजीगत खर्चमा आएको कमी र अर्थतन्त्रका केही क्षेत्रका गतिविधिमा आएको शिथिलताले सरकारको राजस्व सङ्कलन अपेक्षित रूपमा हुन सकेको छैन।बढ्दो सङ्घीय खर्च र अपेक्षाभन्दा न्यून राजस्व सङ्कलनका कारण स्रोत परिचालनमा दबाव पर्न गई सार्वजनिक ऋणको आकार बढ्दै गएको छ। तसर्थ, स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाई सरकारको ऋण माथिको बढ्दो निर्भरता कम गर्दै वित्तीय स्थायित्व कायम गर्नु चुनौतीपूर्ण छ। साथै, आन्तरिक स्रोत परिचालन न्यून हुँदा प्रदेश र स्थानीय तहको वित्त व्यवस्थापनमा संघीय सरकारबाट हुने हस्तान्तरणको अंश उच्च रहेको छ।

निजी र सार्वजनिक लगानी अपेक्षाकृत रूपमा बढ्न सकेको छैन्। नीतिगत ब्याजदरमा गरेको कटौतीले निक्षेप तथा कर्जाको ब्याजदर घटे पनि निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा बढ्न सकेको छैन्। वित्तीय क्षेत्रमा लगानीयोग्य तरलता बढेको अनुपातमा लगानी बढ्न

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

सकेको छैन्। फलस्वरूप, पुँजी निर्माण, रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। अनुकूल मौसम र उन्नत बीउ बीजनको उपलब्धतासँगै धान लगायत वर्षे बालीको उत्पादन वृद्धिका कारण कृषि क्षेत्रको मूल्य अभिवृद्धि बढ्ने अनुमान छ।

**घ) आर्थिक वृद्ध**

चालु आर्थिक वर्ष कृषि र गैरकृषि क्षेत्रको उत्पादन (कुल मूल्य अभिवृद्धि) क्रमशः ३.०५ प्रतिशत र ३.७५ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन २.७६ प्रतिशतर गैरकृषि क्षेत्रको उत्पादन २.१३ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्ष धानको उत्पादन ४.३३ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। साथै, हिउँदे वाली तथा नगदे बालीमा भएको वृद्धि तथा पशुपन्छीजन्य उत्पादनमा भएको वृद्धिले कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान रहेको छ। गैरकृषि क्षेत्रतर्फ उत्पादनमूलक उच्योग र निर्माण क्षेत्र बाहेक अर्थतन्त्रका अन्य क्षेत्रहरुको उत्पादन बढ्ने अनुमान छ।

**ङ) उपभोग**

कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहँदै आएको छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश वार्षिक औसत ९१.२ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष यस्तो अंश ९२.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष ६.५ प्रतिशतले बढेको कुल उपभोग चालु आर्थिक वर्ष ६.४ प्रतिशतले बढ्ने अनुमान छ।

कुल उपभोगमा सरकारी क्षेत्रको उपभोगको अंश घट्दै गएको छ भने निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अंश केही बढेको छ। चालु आर्थिक वर्ष सरकारी क्षेत्र, निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अनुपात क्रमशः ६.८१ प्रतिशत, ९१.१५ प्रतिशत र २.०४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमशः ७.१८ प्रतिशत, ९०.८२ प्रतिशत र २.० प्रतिशत रहेको थियो। विगत दश वर्षको यस्तो औसत अनुपात क्रमशः ८.८ प्रतिशत, ८९.४ प्रतिशत
र १.८ प्रतिशत रहेको छ।

**च) बचत**

कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचतको अंश पछिल्ला दुई आर्थिक वर्ष बढेको छ। चालु आर्थिक वर्ष कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ३६.१५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात ३३.७९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचत वार्षिक औसत ३६.०६ प्रतिशत रहेको छ।

अपिहिमाल गाउँ पा
गाउँ कार्यपालिकाको का
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, ने

**छ) लगानी**

पुँजीगत खर्च र कर्जा लगानी न्यून भएका कारण कुल लगानीमा समेत कमी आएको छ। आर्थिक वर्ष २०७६/७७ मा उच्चदरले घटेको कुल लगानी त्यसपछि क्रमशः बढ्दै गत आर्थिक वर्ष पुनः घटेको छ। लगानीको वातावरणमा सुधार भइ लगानीकर्ताको आत्मविश्वास क्रमशः बढ्दै जाने अनुमानका आधारमा चालु आर्थिक वर्ष कुल लगानी २.८ प्रतिशतले बढेर रू.१७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान छ। पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ्य उत्पादनको औसत ३४.३ प्रतिशत रहेको छ।

**ज) प्रतिव्यक्ति आय**

गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रू.१ लाख ८१ हजार ५ सय ६९ रहेकोमा चालु आर्थिक वर्ष रू.१ लाख ९१ हजार ८ सय ८द पुग्ने अनुमान छ। चालु आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ५.७ प्रतिशतले बढ्ने अनुमान छ। पछिल्लो दशक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत वृद्धिदर ९.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३८९ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष १,४३४
अमेरिकी डलर पुग्ने अनुमान छ।

प्रति व्यक्ति राष्ट्रिय आय क्रमशः बढ्दै गएको छ। चालु आर्थिक वर्ष प्रति व्यक्ति कुल राष्ट्रिय आय गत वर्षको तुलनामा ३.६ प्रतिशतले वृद्धि हुने अनुमान छ। गतआर्थिक वर्ष यस्तो आय १.० प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्ष प्रति व्यक्ति राष्ट्रिय आय १,४५६ अमेरिकी डलर पुग्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो आय १,४०५ अमेरिकी डलर रहेको थियो। त्यसैगरी, गत आर्थिक वर्ष प्रति व्यक्ति कुल खर्च योगय आय १,७५५ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष यस्तो आय अमेरिकी डलर १,८४३ पुग्ने अनुमान छ।

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्या
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

## ३. स्थानीय वित्त

### क) स्थानीय आयः

अपिहिमाल गाउँपालिकाको गत आ.व. २०७९-०८० र चालु आर्थिक बर्ष २०८०-०८१ को बैशाक मसान्तसम्मको स्थानीय आयको अवस्था।

| क.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | (आ.व. २०७९/०८०) आय अनुमान | (आ.व. २079/080) वास्तविक आय | (आ.व. २080/०८1) आय अनुमान | (आ.व. २080/०८1) वैशाख मसान्त सम्मको वास्तविक आय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ० | ० | ० | १२५५ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | ३५०००० | २०४२२६ | ३५०००० | ११९०७ | |
| ३ | ११३१७ | वहाल कर | २००००० | २७८२६५ | २००००० | २५४०५२ | |
| ४ | ११३१८ | वहाल विटौरी कर | ० | ० | ० | २००० | |
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ० | ० | ४१६०० | |
| ६ | ११६९१ | अन्य कर | २००००० | ११५५७८ | २२०००० | २२०५६८ | |
| ७ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ५५०००० | ३५४४५७ | ० | १०००० | |
| ८ | १४२२१ | न्यायिक दस्तूर | ० | ० | ० | १४०० | |
| ९ | १४२२४ | परीक्षा शुल्क | ० | ० | ० | १०९०० | |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | ६०५००० | २४७७५० | |
| ११ | १४२४३ | सिफारिश दस्तुर | १४५००० | १३३३२३ | १५९५०० | ११४५९० | |
| १२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १००००० | ३०४५० | ११०००० | ५८०७० | |
| १३ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५०००० | ३२७३० | ५०००० | ९५१० | |
| १४ | १४२४९ | अन्य दस्तुर | २००००० | ३०४७२७ | २२०००० | ७५८५ | |
| १५ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ५५००० | ५५०० | |
| १६ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०००० | १०५२७० | ० | ७५५० | |
| १७ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ४५००० | ० | ४५००० | ० | |
| १८ | १४३१३ | धरौटी सदरस्याहा | १०००० | ० | १०००० | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | १४५२९ | अन्य राजस्व | ० | ० | ० | ५००० | |
| २० | १४६११ | व्यवसाय कर | ६००००० | २५५३५८ | ६६०००० | १५७०१० | |
| २१ | ३३३४३ | विज्ञापन कर | ० | ० | ० | ६०० | |
| | | जम्मा | २५०००००० | १८१४३८३ | २६८४५०० | ११६६०४७ | ४३।३३ |

**ख) स्थानीय आय व्यवस्थापनमा भएका चुनौतीहरु**

अर्थतन्त्रको सवलीकरणका लागि प्रयास संभावनाहरु रहेता पनि यस क्षेत्रमा अर्थतन्त्रको सबलीकरणका लागि विभिन्न चुनौती एवं समस्याहरु रहेका छन् । अर्थतन्त्रको संकुचन, आर्थिक मौद्रिक नीतिको अस्पष्टता, नीजि लगानीलाई साझेदारी विकासमा आबद्धता गर्नु, नीतिगत अस्थिरता, निर्माण सामाग्रीहरुको उत्पादन र सञ्चालकहरुमा कमजोर वातावरण मैत्री चेतना, गाउँपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा स्थापित गर्नु, निजी क्षेत्र आकर्षित गर्नु, औद्योगिक ग्राम र औद्योगिक वैज्ञानिक व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गर्नु, कृषि क्षेत्रमा उत्पादन र उतपादकत्व अभिवृद्धि गर्नु, करको दायरामा बढाउदै सबलाई करको दायरामा ल्याउनु, ठूला उद्योगहरु स्थापना गर्नु यस क्षेत्रको अर्थतन्त्रको सवलीकरणका चुनौतीहरु हुन्।

नेपालको संविधानको अनुसूची ८ तथा नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन र स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख भए बमोजिम अनुसार व्यक्तिको अचल सम्पत्तिमा लाग्ने मालपोत,घर जग्गा कर,सम्पत्तिकर ,बहाल बाट हुने आम्दानी कर ,व्यवसाय कर तथा स्थानीय पूर्वाधार सेवा उपयोग र सिफिरिस लगायतमा दस्तुर बाट स्थानीय तहले एकल रुपमा आम्दानी प्राप्त गर्न सक्ने व्यवस्था छ।भने मनोरन्जन कर विज्ञापन कर र सवारी साधन कर लगायतका करहरु प्रदेश सरकार संग साझारुपमा आम्दानी संकलन गर्न सक्ने व्यवस्था छ ।सोही आधारमा अपिहिमाल गाउँपालिकाले संकलन गरेको कर तथा राजस्वको आम्दानी लाई सकारात्मक दिशाउन्मुख देखिन्छ । साविक स्थानीय निकायको रुपमा साविकका सितोला,गुल्जर,घुसा र खण्डेश्वरी गा.वि.स को आम्दानीको तुलनामा हालको राजस्व तथा आम्दानीको विवरण तुलना गर्दा कर तथा राजस्व संकलन र सदुपयोगमा निकै सुधार आएको मान्न सकिन्छ ।यद्धपी अझैपनी सवै व्यक्ति,व्यवसायीहरु करको प्रकृयामा आइसकेको देखिदैन आगामी दिनमा कर प्रणाली र आम्दानी लाई व्यवस्थित गर्न गाउँपालिकाको तर्फवाट केही सुधारन्मुख कदमहरु चालेको खण्डमा गाउँपालिकाको

अपिहिमाल गाउँ ... गाउँ कार्यपालिकाको ... खण्डेश्वरी, दार्चुला ... सुदूरपश्चिम प्रदेश, ...


## ग) अन्तर सरकारी वित्तीय हस्तान्त्रण

| शीर्षक | 2079/080 को वास्तविक आय | 2080/081 वैशाख महिना सम्मको वास्तविक आय |
|---|---|---|
| संघीय सरकार | | |
| समानिकरण अनुदान | ७,४८,३२,५००.००० | ५,४६,००,०००.००० |
| शसर्त अनुदान | 12,12,38,840.08 | 11,31,25,250.000 |
| विषेश अनुदान | 3,42,12,342.000 | ६६,७८,०००.००० |
| समपुरक अनुदान | २९,५१,९०९.००० | ११,९२,४८९.००० |
| प्रदेश सरकार | | |
| समानिकरण अनुदान | ५३,४०,०००.००० | २८,०७,०००.००० |
| विषेश अनुदान | २३,५२,९७१.००० | 43,00,000.000 |
| समपुरक अनुदान | १३,६५,८५०.००० | 52,50,000.000 |
| शसर्त अनुदान | | |
| राजस्व बाडफाड | | |
| घरजग्गा रजिष्टेशन दस्तुर | ८२,४९६.४०० | २८,९६०.६०० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,४४,४९,१६३.८७० | ३,०१,०५,५१०.१६० |
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १,६०,४९,२८१.२७० | १,४४,७५,६०१.४६० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ९,७७,०८२.३३० | ७,९५,०४८.१७० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ६,१८,५१०.७१० | ५,४८,५४४.०३० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | 0 | २,४४८.६९० |

अपिहिमाल गाउँ पालि
गाउँ कार्यपालिकाको का
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपा

घ) अपिहिमाल गाउँपालिकाको गत आ.व. २०७९/०८० र चालु आ.व. २०८०/०८१ को चैत्र मसान्तसम्मको चालु खर्च र पूँजीगत खर्चको अवस्था।

| क्र.सं. | शीर्षक | आ.व. २०७९/०८० को वास्तविक खर्च | चालु आ.व. २०८०/०८१ वैशाख मसान्तसम्मको वास्तविक खर्च |
|---|---|---|---|
| १ | चालु | १९,६८,८७,०६३.९८० | १२,७८,९२,०७८.९३० |
| २ | पूंजीगत | ११,२४,९३,१७६.१०० | ४,२५,०८,९५५.०१० |



अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## ४. आर्थिक विकास

### क) स्थानीय सडक निर्माण

अपिहिमाल गाउँपालिका केन्द्रसम्म सडक पहुँच पुगेको छैन गाउँपालिकाको वडा नं. ५ मकरिगाड सम्म पुगेको तर सडक पक्की हुन बाँकी रहेको छ।स्थानिय तहका अन्य वडा हरुमा सडक बिस्तार हुन सकेको छैन ।

२०८० सालमा सडक विभागले मकरीगाड देखी अपिहिमाल गाउँपालिका वडा नं ३ घुसा जाने बाटो सम्म कच्चिसडको ट्रेय्याक खोल्ने काम भई रहेको छ । लगभग २००० मिटर ट्रेय्क खोल्ने काम भएको थियो । चलु आर्थिक बर्षमा गाउँपालिका केन्द्र जोड्ने सडकमा कुनै बजेट विनियोजन नहुदा काम रोकिएको छ। उक्त सडको लागि केन्द्र सरकार र प्रदेश सरकालई आवश्यक पहल गरिनु पर्ने देखिएको छ।

### ख) सिंचाईको

गत आर्थिक बर्षमा सिचाई योग्य जमिन मध्ये बाट वडा नं. ६ को चौकि बगरमा २० रोपनि जमिन सिंचित हुनेगरि चौकिबगर सिचाई योजना निर्माण सम्पन्न भई कृषि क्षेत्रमा उत्पादन वृद्धि भएकाले यस क्षेत्रमा सुधार भएको र चालु आर्थिक बर्षमा थप यस्ता योजना निर्माण गरिने छन् ।

आर्थिक बर्ष २०८०/०८१ मा अपिहिमाल गाउँपालिका वडा नं. ३ मरफुल बस्तिमा र वडा नं. ५ को पारि तिम्ला गरि २ वटा खानेपानी योजना वाट ४५ रोपनि जग्गा सिंचित हुने गरि योजना निर्माण गरिएका थिए गत आर्थिक बर्षमा ४०० के.जी अन्न उत्पादन हुने ज़ग्गामा चालु आर्थिक वर्षमा को तुलना मा ३५% ले वृद्धि भई चालु आर्थिक वर्षमा ५४० के.जी अन्न उत्पादन हुने अनुमान छ।

### ग) वित्तीय क्षेत्र

अपिहिमाल गाउँपालिका भित्र १ वटा ( क ) वर्गको बैङ्क, ऋण तथा बचा सहकारी १ वटा, वहुउद्देश्यीय सहकारी १ वटा र कृषि सहकारि २ वटा गरि जम्मा सहकारी संस्था ४ वटाछन उद्यम व्यवसाय गर्ने व्यवसायी हरुलाई लघु वित्तय सेवा प्रदान गरि संचालनमा रहेका छन् ।

### घ) लघु घरेलु तथा साना उद्योग

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका मा १५७ वटा उद्योग दर्ता भई संचालनमा रहेका छन जस मध्ये १० वटा उद्योग अपिहिमाल गाउँपालिका उद्योग विकास शाखा मा दर्ता गरि संचालित छन भने बाँकि १४७ वटा घरेलु तथा साना उद्योग कार्यालय दार्चुलामा

अपिहिमाल गाउँ पालि
गाउँ कार्यपालिकाको कार्या
वन्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, ने

दर्ता भई अपिहिमाल गाउँपालिका भित्र संचालित छन । जस मध्ये २ वटा उद्योग खारिजि भएका छन ।

प्रकृतिको आधारमा हेर्ने होभने अपिहिमाल गाउँपालिका भित्र संचालित उद्योग

| क.स | कृषि तथा वन जन्य | पर्यटन | उत्पान मुलक | सेवा मुलक |
|---|---|---|---|---|
| १ | ८५ वटा | २१ वाटा | ६ वटा | ३५ वटा |
| **जम्मा** | ८५ वटा | २१ वटा | ६ वटा | ३५ वटा |

चालु आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका उद्योग विकास शाखामा दर्ता भएका उद्योग मध्ये बाट ६५ प्रतिस उद्योग कृषि तथा वन जन्य उद्योग हरुमा दर्ता गरि संचालनमा रहेका छन।भने उत्पादन मुलुका उद्योगको २० प्रतिसत पर्यटन मुल १५ सेवा मुलक को प्रकृतिमा दर्ता भई संचालनमा रहेका छन् ।

अपिहिमाल गाउँपालिका भित्र औद्योगिक क्षेत्र विकासको लागि सार्वजनिक लगानिलाई औद्योगिक पुर्वाधारको विकास केन्द्रित गर्नुपर्ने र देश भित्रका निजि लगानिलाई उत्पादन तथा रोजगारी अभिवृद्धिमा परिचालन गर्नुपर्ने आवश्यक्ता छ।उत्पादित वस्तु निकासी प्रवर्व्दन तथा पैठारी व्यवस्थापन गर्दै मागमा आधारीत वस्तु तथा सेवाको आपुर्ति गर्ने तर्फ उद्योग वाणिज्य तथा आपुर्ति नीति केन्द्रित गर्नु पर्ने देखिन्छ ।

**ङ) औद्योगीक ग्राम**

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिकाको औद्योगिक ग्रामको डि.पि.आर तयार भई निर्माणको लागि बोलपत्र आह्वान भएको थियो । चालु आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका वडा नं. ४ मा औद्योगिक ग्राम घेर पर्खाल निर्माण भईसकेको छ।

**च) सीप विकास**

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका भित्र लघु उद्यम विकास कार्यक्रम बाट लघु उद्यमी सिर्जना गर्नका लागि स्थानीय कच्चापदार्थ स्थानिय मागको को आधारमा सीपविकास तालिम संचालन गरिएका थिए ।

अपिहिमाल गाउँ पा
गाउँ कार्यपालिकाको का
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, ने

| क्र.स | सीप विकास तालिमको विवरण | परिमाण | तालिम अवधि | संचालित व्यवसाय |
|---|---|---|---|---|
| १ | सिलाई कटाई | १५ जनालई | ३ महिना | ७ वटा |
| २ | होजियारी | १२ जनालाई | ४५ दिन | २ वटा |
| ३ | उनको राडीपाखि बुन्ने | १७ जना | ४५ दिन | ७ वटा |
| ४ | ब्युटि पार्लर | १ जना | ३ महिना | १ वटा |
| ५ | पुलमको जाम तथा सस | १२ जना | ७ दिन | ३ वटा |
| ६ | जौ बाट बिस्कुट बनाउने | ९ जना | ७ दिन | १ वटा |
| ७ | ग्यानो डोर्मा च्याउ | ९ जना | ७ दिन | नभएको |

चालु आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका उद्योग विकास शाखाको आयोजनामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत स्थानिय कच्चापदार्थ तथा मागका आधारमा ६० जनालाई लघु उद्यमी बनाउन ३० जनाकालागि अल्लो प्रसोधन तथा ३० जनाकालागि हेम्पको लोक्ताबाट कपडा बुन्ने सीप विकास तालिम संचालन गरिएको थियो।

**छ) श्रम तथा रोजगार**

नेपालको संविधानको धारा ५१ मा श्रम र रोजगार सम्बन्धी नीतिको व्यवस्था रहेको छ। सो नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तीको रूपमा रहेको श्रमशक्तीलाइ दक्ष, व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी सृजना गर्ने लक्ष्य लिएको छ । सो अन्तरगत अपिहिमाल गाउँपालिकाको रोजगार सेवा केन्द्रको रोजगारी सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ ।

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| क्र.स. | विवरण | आ.व.२०७९/०८० को अवधीमा | आ.व.२०७९/०८० को अवधीमा | कैफियत |
|---|---|---|---|---|
| १ | रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरूको संख्या | ११११ | ११९४ | |
| २ | श्रमिक संख्या | ११४ | ७० | |
| ३ | उपलब्ध रोजगारको दिन | १०० | १०० | |

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका प्रधान मन्त्री रोजगार कार्यक्रम अन्तरगत गाउँपालिकामा रोजगार सेवा केन्द्रको एक आर्थिक वर्षमा न्युनतम १०० दिन रोजगारी उपलब्ध गराउने उद्देश्यले ११२ जना बेरोजगार हरुलाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको थियो ।

चालु आर्थिक वर्षको फागुन मसान्त सम्म अपिहिमाल गाउँपालिका प्रधान मन्त्री रोजगार कार्यक्रम अन्तरगत ७९ जना लाई न्युनतम १०० दिनको रोजगारी प्रदान गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत बेरोजगारको सङ्ख्या यो आर्थिक बर्षमा बढ्दै गएको न्युनतम रोजगारिमा खटिने को सङ्ख्या घट्दै गएको छ। आर्थिक बर्ष २०७९/८० मा सूचिकृत भएका बेरोजगारमध्ये १० प्रतिसत न्युनतम रोजगारिमा खटिएकामा चालु आर्थिक वर्षको फागुनसम्म ६.५९ प्रतिशत मात्र न्युनतम रोजगारीमा खटिएका छन्।

**ज) व्यवसाय दर्ता**

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका उद्योग विकास शाखा भित्र १० वटा उद्योग दर्दा गरि संचालनमा रहेका छन्। संचालनमा रहेका उद्योगमध्ये लघु उद्यम दर्ता भएका छन् ।

चालु आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका उद्योग विकास शाखा भित्र ४२ वटा लघु उद्यम व्यवसाय दर्ता भई संचालनमा रहेका छन् । दर्ताभएका लघु उद्यम व्यवसाय मध्ये ८० प्रतिसत व्यवसाय अपिहिमाल गाउँपालिका भित्र प्राप्त हुने कच्चा पदार्थमा मा आधारित व्यवसाय दर्ता रहेका छन् ।

**झ) वणिज्य र बजार अनुगमन**

गत आर्थिक वर्षमा अपिहमाल गाउँपालिका भित्र रहेका बजारहरुलाई बजार अनुगमनले गर्दा कसरी गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपुर्ति हुने

अपिहिमाल गाउँ ...
गाउँ कार्यपालिकाको ...
खण्डेश्वरी, दा...
सुदूरपश्चिम प्रदेश

वातावरणको सुनिश्चितता गर्न सकिने भएकाले अपिहिमाल गाउँपालिका भित्र रहेका खण्डेश्वरी बजार मकरीगाड बजार ओखल बजारमा बजार अनुगमन गरि वाणिज्य व्यवसायि हरुलाई खाद्यय वस्तुको म्यादा सम्बन्धी जानकारी गरियो ।
चालु आर्थिक वर्षमा अपिहिमाल गाउपालिका भित्र बजार अनुगमन कार्यलाई चुस्त दुरुस्त बनाई अपिहिमाल गाउँपालिका भित्रका बजार हरु अनुगमन गरियो।

## ञ) कृषि उत्पादन

अपिहिमाल गाउँपालिका भित्र कृषि बालीमा मकै, गहुँ, जौ, कोदो, आलु, सिमी, फापर, चिनो र कगुनो आदी रहेको छ। फलफुलमा नासपाती, ओखर, स्याउ, आरु तथा तरकारीहरुमा लसुन, प्याज,काउली बन्दा, सिमी, मुला, रायो,धनीयाँ, मेथि, पालुङगो, चम्सुर,आलु,बेमौसमे टमाटर, बैगन, फर्सी, करेला, बरेला, खुर्सानी, आदि पाईन्छ अर्गानिक अपि उत्पादन कार्यक्रम तथा कृषि विकास शाखा अपिहिमाल गाउँपालिका भित्र अर्गानिक उत्पादनमा जोड दिएकाले स्थानिय कृषि उपज उत्पादन गरिन्छ ।

दैनिक पशुपंक्षी उपचार चेकजाँच तर्फ
चालु आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्त सम्मको विवरण

| क्र.स. | गाई | भैंसी | भेडा | बाख्रा | कुखुरा | अन्य | कुल जम्मा | लाभन्वित विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | पुरुष | जम्मा |
| १ | ३२०४ | ९३ | ७४२३ | ४१०७ | ३०८ | २९७ | १५४३२ | ३८४ | ३०९ | ६९३ |

| खोप | पशुको संख्या | पशुको प्रकार | कैफियत |
|---|---|---|---|
| पि.पि.आर | १७००० | भेडा/बाख्रा | |
| रेविज | १५० | कुकुर?बिरालो | |
| खोरेत | ३६५३ | गाई/भैसीं | |
| एच.स.बि.क्यू | १५०८ | गाई/भैसीं | |
| जम्मा | २२३११ | | |

## ट) बजार केन्द्रहरु

अपिहिमाल गाउँ पा
गाउँ कार्यपालिकाको
खण्डेश्वरी, दा
सुदूरपश्चिम प्रदेश

अपिहिमाल गाउँपालिका भित्र रहेका बजार केन्द्र हरु मध्ये ठुलो बजार केन्द्र खण्डेश्वरी बजार केन्द्र रहेको छ;अपिहिमाल गाउँपालिका सदर मुकाम को बजार केन्द्र सम्मको सडक संजालले जोडेको छैन र सडक सम्म जोडिएका साना बजार हरु मकरीगाड र ओखल सम्म सामाग्री ढुवानी तथा आवतजावत गर्नका लागि सडक संजालले जोडेको छ ।

ठ) पर्यटन

गत आर्थिक बर्षमा अपिहिमाल गाउँपालिकाले अपिहिमाल आधार शिवीर भ्रमण गर्न जाने प्रर्यटक हरुलाई सहजताका लागि होमस्टे व्यवस्थापन तालिम तथा ट्रेकिङ गाईड तालिम दिईएको थियो ।गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटकको संङख्या २५०० पुगेको थियो ।

चालु आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका भित्र पर्यटकिय सुचना केन्द्र निर्माण, अपिहिमाल गाउँपालिकाको डकोमेन्ट्रि तयार तथा फोहर मैला व्यवस्थापनका लागि अपिहिमाल गाउँपालिका आधर शिविर मा डस्पिन राख्ने काम सम्पन्न अपिआधार शिविर गन्तव्य निर्माण चमेलिया नदिमा काठेपुल निर्माण,होम्स्टे व्यवसायका उद्यमी हरुलाई देशका प्रसिद्य शिरुबारी होमिस्टे तथा पोखराका होमस्टे हरुमा अवलोकन भ्रमण कार्य,पर्यटकिय संकेत चिन्ह कार्य सम्पन्न गरि ३००० पर्यटकले अपिहिमाल आधार शिविर भ्रमण गरेका छन् ।


## ५. सामाजिक विकास

क) स्वास्थ्य


स्वास्थ्य सम्बन्धी आधारभुत सूचक,

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका भित्र स्वास्थ्य सम्बन्धी आधारभुत सेवा ५६०६ जनाले लिएका ,स्वास्थ्य संस्थाबाट सेवापायेका ६० वर्ष भन्दा माथिका जम्मा ५७५ जना गाउँ घर किल्निक बाट सेवा पायेका ९६५ जना तथा महिला स्वस्थ्य सोयम सेविका बाट सेवा पायेका जम्मा सेवा ग्राही ५७३० जनाले सेवा लिएका छन् ।

अपिहिमाल गाउँ
गाउँ कार्यपालिकाको
बन्डेश्वरी, बा
सुदूरपश्चिम प्रदेश




चालु आर्थिक वर्षमा आधारभुत सेवा ७५९१ जनाले लिएका ,स्वास्थ्य संस्थाबाट सेवापायेका ६० वर्ष भन्दा माथिका जम्मा १३२० जना गाउँ घर किल्निक बाट सेवा पायेका १२१५ जना तथा महिला स्वस्थ्य सोयम सेविका बाट सेवा पायेका जम्मा सेवा ग्राही ४६४१ जनाले सेवा लिएका छन् ।



अपिहिमाल गाउँ
गाउँ कार्यपालिकाको
खण्डेश्वरी, दा
सुदूरपश्चिम प्रदेश

**अपिहिमाल गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु**

- आधार भुत स्यास्थ्य सेवा केन्द्र ४
- स्वास्थ्य चौकी २ वटा

## ख) शिक्षा

१. शिक्षाका आधारभूत सूचकहरुः

| | सूचक | २०७९ | २०८० |
|---|---|---|---|
| **१. आधारभूत शिक्षा** | | | |
| १.१. | प्रारम्भिक बालशिक्षा तथा विकास/ पुर्व प्राथमिक शिक्षामा कुल भर्नादर | ९८.०६ | ९९.०७ |
| १.२ | प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा नव प्रवेशीको प्रतिशत | १०० | १०० |
| १.३ | कक्षा १ मा कुल भर्नादर | १४८.६ | १४२.८ |
| १.४ | कक्षा १ मा खुद भर्नादर | ९८.०५ | ९९.५५ |
| १.५ | कुल भर्नादर आधारभूत शिक्षा(कक्षा १-५) | १२५.९० | १२३.८० |
| १.६ | खुद भर्नादर आधारभूत शिक्षा (१-५) | ९८.३ | ९९.५ |
| १.७ | कुल भर्नादर आधारभूत शिक्षा (१-८) | १२०.७६ | ११९.९८ |
| १.८ | खुद भर्नादर आधारभूत शिक्षा (१-८) | ९७.८ | ९८.८ |
| १.९ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समतासुचकांक | १.० | १.० |
| १.१० | कक्षा ३ मा टिकाउदर | ९९.९ | ९९.९ |
| १.११ | कक्षा ५ मा टिकाउदर | ९८.९ | ९९ |
| १.१२ | आधारभूत तह शिक्षाको तह पुरा गर्ने दर | ९२.६७ | ९३.५४ |
| १.१३ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २.५ | १.९ |
| १.१४ | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | ५०.८७ | ५२.७५ |
| **२. माध्यमिक शिक्षा (९-१२)** | | | |
| २.१ | कक्षा ९-१२ को कुल भर्नादर | ७५.०५ | ७६.६७ |
| २.२ | कक्षा ९-१२ को खुद भर्नादर | ७२.७६ | ७४.६७ |
| २.३ | कक्षा १० सम्मको टिकाउदर | ९०.५६ | ९१.७८ |
| २.४ | कक्षा १२ सम्मको टिकाउदर | ६०.६५ | ६५.७६ |

अपिहिमाल गाउँ
गाउँ कार्यपालिका
खण्डेश्वरी, दा
सुदूरपश्चिम प्रदे

| | | | |
|---|---|---|---|
| २.५ | माध्यमिक शिक्षा (१-१२) मा लैंगिक समता सुचकांकका आधारमा खुद भर्नादर | ०.९९ | १.0१ |
| **३. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाई** | | | |
| ३.१ | साक्षरता दर ५ वर्ष र माथी | ८०.0५ | ८०.५ |
| ३.२ | साक्षरता दर १५-२४ वर्ष | ९८.७६ | ९९.३४ |
| ३.३ | साक्षरता दर १५ वर्ष माथी | ७८.५६ | ७९.२४ |
| **४. शिक्षक व्यवस्थापन तथा पेसागत विकास** | | | |
| ४.१ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | २०.८ | २०.५६ |
| ४.२ | माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत | २.७६ | २.३५ |

विद्यालय शिक्षक दरवन्दी

| क.स | तह | दरवन्दी | राहत | संघीय अनुदान | गा.पा. अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १. | माध्यमिक (११-१२) | ४ | २ | - | २ | ८ |
| २. | माध्यमिक (९-१०) | ८ | १ | ६ | ६ | २१ |
| ३. | आधारभूत (६-८) | ६ | २ | ४ | २४ | ३६ |
| ४. | आधारभूत(१-५) | ४६ | ११ | - | १७ | ७४ |
| ५. | प्रविधिक धार(९-१२) | ८ | ० | ० | ० | ० |
| | जम्मा | ६४ | १६ | १० | ४८ | १३८ |

२. विद्यार्थि विवरण

| शै.स. २०७९ जम्मा विद्यार्थी संख्या | शै.स. २०८० |
|---|---|
| १९७१ | १८८४ |

३. विद्यालय विवरण

| क.स. | तह | संख्या |
|---|---|---|
| १ | आधारभुत तह (०-३) | ४ |
| २ | आधारभूत तह (०-५) | १० |
| ३ | आधारभूत तह (०-८) | ४ |
| ४ | माध्यमिक तह (०-१०) | ३ |
| ५ | माध्यमिक तह(०-१२) | १ |
| | | २२ |

शिक्षक विद्यार्थी अनुपात १:१३ रहेको छ।

अपिहिमाल गाउँ
गाउँ कार्यपालिका
बन्नेश्वरी,
सुदूरपश्चिम प्रदे

## ग) खानेपानी तथा सरसफाई

### खानेपानी

गत आर्थिक वर्षमा खाने पानी तथा सरसफाई योजनाको माध्यमबाट मकरिगाड,देउली,धंकङ,गैरी,थुम्ती बस्तीमा १५२ वटा घरधुरी लाभान्वित भएका छन भने ११३ वटा खानेपानिका धारा निर्माण भई सफा पिउने पानिको उपलब्ध भएको छ ।

चालु आर्थिक बर्षमा अपिहिमाल गाउँपालिका ६ मज्जेमा खानेपानिको योजना बाट २२ वटा खाने पानिका धारा निर्माण गरि १७ घरधुरी मा स्व्छ खानेपानि उपलब्ध हुने अनुमान गरियैको छ ।

### सरसफाई,

गत आर्थिक बर्षमा खानेपानि सरसफई तथा स्वच्छता ईकाईको आयोजनामा पुर्ण सर सफाई आयोजना बाट बिभिन्न कार्यक्रम संचालन गरि विद्यालय तथा समुदायमा सरसफाई सम्बन्धी जनचेतना जगाउने कार्यक्रम संचालन गरिएका थिये ।

चालु आर्थिक बर्षमा अपिहिमाल गाउँपालिका खानेपानि सरसफई तथा स्वच्छता ईकाईको आयोजनामा पुर्ण सर सफाई कार्यक्रम बाट घर वारी व्यवस्थापन कार्यक्रम,पुर्णसरसफाई सम्बन्धी अन्तक्रिया कार्यक्राम, महिनावारी स्वच्छता तथा प्याड निर्माण तालिम, आमा समूह संग अन्तरक्रिया कार्यक्रम, लैंगिङ्ग समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम ।

### फोहोरमैला व्यवस्थापन

गत आर्थिक बर्षमा अपिहिमाल गाउँपालिका वडा नं. ५ मकरीगाड बजारमा फोहर मैला व्यवस्थापन केन्द्र निमाण गरिएको थियो ।

चालु आर्थिक बर्षमा अपिहिमाल गाउँपालिका भित्र २ वटा खाने पानि योजनाको पुर्ण सरसफई युक्त घोसणा हुने लक्ष छ ।

अपिहिमाल गाउँ पालि
गाउँ कार्यपालिकाको का
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेप

### घ) व्यक्तिगत घटना दर्ता

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका भित्र व्यक्तिगत घटना दर्ताविवरण निम्न अनुसारको रहेको छ।

| क्र. स. | विवरण | महिला | पुरुस | कैफियत |
|---|---|---|---|---|
| १ | जन्म दर्ता | ५९ | ८० | |
| २ | मृत्यु दर्ता | २१ | २७ | |
| ३ | विवाह दर्ता | | | ५१ जोडी |
| ४ | बसाई सराई | ७ | ८ | |
| ५ | सम्बन्ध विच्छेद | ० | ० | |
| ६ | पुर्ण अपाङगता दर्ता | ० | ० | |
| ७ | आशिंक अपाङगता दर्ता | ० | ० | |

चालु आर्थिक वर्ष अपिहिमाल गाउँपालिका भित्र व्यक्तिगत घटना दर्ताविवरण निम्न अनुसारको रहेको छ।

| क्र. स. | विवरण | महिला | पुरुस | कैफियत |
|---|---|---|---|---|
| १ | जन्म दर्ता | ६२ | ८५ | |
| २ | मृत्यु दर्ता | १६ | २८ | |
| ३ | विवाह दर्ता | | | ४२ जोडी |
| ४ | बसाई सराई | ९ | ८ | |
| ५ | सम्बन्ध विच्छेद | ० | ० | |
| ६ | पुर्ण अपाङगता दर्ता | ० | ० | |
| ७ | आशिंक अपाङगता दर्ता | १ | ० | |

अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## ङ) सामाजिक सुरक्षा

| सामजिक सुरक्षाको कसिम | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | कायम संख्या | रकम | कायम संख्या | रकम | कायम संख्या | रकम | कायम संख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ३७२ | ४१६७४९३ | ३७३ | ४३७६२१० | ३७० | ४३७६१३४ | ३७६ | ४४७१८४७ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ७ | ५३२०० | ७ | ५५८६० | ७ | ५५८६० | ८ | ६३८४० |
| जेष्ठ नागरिक एकल महिला | ३० | २३९४०० | ३१ | २४७३८० | ३२ | २५५३६० | ३४ | २६६००० |
| विधवा (आर्थिक सहायता) | ८२ | ६४९०४० | ८४ | ६५९६८० | ८४ | ६७०३२० | ८८ | ६८०९६० |
| क बर्ग | १० | १०९२७५ | ९ | ९८६८६ | ८ | ८६५४२ | ७ | ८३७९० |
| ख बर्ग (आर्थिक सहायता) | ५१ | ३२५५८४ | ५१ | ३२५५८४ | ५१ | ३२५५८४ | ५१ | ३२५५८४ |
| दलित बालबालिका | ४६ | ७०३४४ | ४६ | ६६३६९ | ४० | ६२६४८ | ४० | ५९४७६ |
| जम्मा | ५९८ | ५६१४३३६ | ६०१ | ५८२९७६९ | ५९२ | ५८३२४४८ | ६०४ | ५९५१४९७ |

| सामजिक सुरक्षाको कसिम | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | कायम संख्या | रकम | कायम संख्या | रकम | कायम संख्या | रकम | कायम संख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ३७४ | ४४४४८०९ | ३६७ | ४३७६१३३ | ३६६ | ४३५२६५८ | ३८५ | ४४८८११७ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ८ | ६३८४० | ८ | ६३८४० | ८ | ६३८४० | १० | ७२०६५ |
| जेष्ठ नागरिक एकल महिला | ३४ | २७१३२० | ३५ | २७६६४० | ३५ | २७९३०० | ३५ | २९६७२० |
| विधवा (आर्थिक सहायता) | ९१ | ७२०८६० | ९१ | ७२६१८० | ९६ | ७३७००३ | १०० | ७९००६० |
| क बर्ग | ८ | ९१७७० | ८ | ९५७६० | ८ | ९५७६० | ९ | १०७७३० |
| ख बर्ग (आर्थिक सहायता) | ५१ | ३२५५८४ | ५१ | ३२५५८४ | ५२ | ३२७७१२ | ५३ | ३३९३६८ |
| दलित बालबालिका | ३६ | ५५८६० | ४० | ६०८१३ | ३७ | ५६०९२ | ३६ | ५२४५४ |
| जम्मा | ६०२ | ५९७४०४३ | ६०० | ५९२४९५० | ६०२ | ५९१२३६५ | ६२८ | ६१४७११४ |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

### च) युवा तथा खेलकुद

गत आर्थिक बर्षमा युवा खेलखुद शाखा मा शाखा को आयोजनामा गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरिएको थियो  जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मा खेलाडी हरु सहित सहभागि (अपिहिमाल प्रिमियर लिग) क्रिकेट प्रतियोगिता संचालन गरिएको थियो।

चालु आर्थिक बर्षमा बर्षमा युवा खेलखुद शाखा मा शाखा को आयोजनामा गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरिएको थियो  जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मा खेलाडी हरु सहित सहभागि (अपिहिमाल प्रिमियर लिग) क्रिकेट प्रतियोगिता संचालन गरिएको युवा क्लब गठन तथा नमुना संसद अभ्यास कार्यक्रम संचालन गरियो।


## ६. सुशासन तथा संस्थागत विकास

### क) अपिहिमाल गाउँपालिकाको प्रशासनिक

*अपिहिमाल गाउँपालिकाको विस्तृत विवरण*

| क्र.सं. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | घुसा(१-३) | ६४९ | २४०.१६ |
| २ | २ | घुसा(४-९) | ८८३ | ८०.६१ |
| ३ | ३ | खण्डेश्वरी(१-५) | १६९५ | १६९.३३ |
| ४ | ४ | खण्डेश्वरी(६-९) | १४५६ | १०.७७ |
| ५ | ५ | गुल्जर(१) | ८६६ | ७.७१ |
| ६ | ६ | सितोला(५-८) | ११३० | १०५.२१ |
| | जम्मा | | ६७७९ | ६१३.९५ |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल




## ख) अपिहिमाल गाउँपालिका शाखा तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| अपिहिमाल गाउँपालिका शाखा तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | नाम थर | पद | श्रेणी/तह | सेवा समुह/उप समूह | सेवाको किसिम |
| | | प्रशासन शाखा | | | |
| १ | ईन्द्र बहादुर रावल | प्रमुख प्रशासकीय अधिकृत | छैटौं | प्रशासन/साप्र | स्थायी |
| २ | पान सिंह धामी | विपद व्यवस्थापन अधिकृत | छैटौं | विविध | करार |
| ३ | धनपति लोथ्याल | खरिदार | चौथो | प्रशासन | स्थायी |
| ४ | गिता धामी | स.क.अ | चौथो | विविध | करार |
| ५ | पुस्कर सिंह ठेकरे | का.स. | श्रेणीविहिन | प्रशासन/साप्र | करार |
| ६ | विमला ठेकरे | का.स. | श्रेणीविहिन | प्रशासन/साप्र | करार |
| ७ | धनुरी ठेकरे | का.स. | श्रेणीविहिन | प्रशासन/साप्र | करार |
| ८ | हिरु बोहरा | का.स. | श्रेणीविहिन | प्रशासन/साप्र | करार |
| ९ | रमेश सिंह भण्डारी | का.स. | श्रेणीविहिन | प्रशासन/साप्र | करार |
| १० | लालु बोहरा | माली | श्रेणीविहिन | प्रशासन/साप्र | करार |
| ११ | गौरी ठेकरे | चौकीदार | श्रेणीविहिन | प्रशासन/साप्र | करार |
| १२ | प्रकास सिंह ठेकरे | चौकीदार | श्रेणीविहिन | प्रशासन/साप्र | करार |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| **आर्थिक प्रशासन शाखा** | | | | | |
| १ | इश्वर सिंह धामी | लेखापाल | पाँचौं | प्रशासन/लेखा | स्थायी |
| **सूचना तथा प्रविधि शाखा** | | | | | |
| १ | प्रमोद सिंह मन्याल | सूचना प्रविधि अधिकृत | छैटौं | विविध | करार |
| **पूर्वाधार विकास शाखा** | | | | | |
| १ | मोहन सिंह साहु | इन्जिनियर | छैटौं | विविध | करार |
| २ | ललिता जोशी | स.ई | पाँचौं | इन्जिनियर | स्थायी |
| ३ | चिरन्जिवि ठेकरे | सब ईन्जिनियर | पाँचौं | ईन्जिनियरिङ/सिभिल | करार |
| ४ | विपना परियार | अ.स.ई | चौथो | इन्जिनियरिङ | स्थायी |
| **शिक्षा युवा तथा खेलकुद शाखा** | | | | | |
| 1 | विरेन्द्र सिंह धामी | शिक्षा अधिकृत | छैटौं | शिक्षा | स्थायी |
| 2 | मदन राज जोशी | प्रास शिक्षा | पाँचौं | शिक्षा | स्थायी |
| 3 | क्षेत्र सिंह ठेकरे | छैटौं | शिक्षा | करार | करार |
| 4 | नन्दन सिंह ठेकरे | चौथो | विवध | करार | करार |
| **स्वास्थ्य शाखा** | | | | | |
| १ | राजेन्द्र सिंह धामी | स्वास्थ्य संयोजक | छैटौं | स्वास्थ्य | स्थायी |
| २ | सुनिता ठेकरे | अनमी | चौथो | स्वास्थ्य | करार |
| ३ | प्रदिप सिंह धामी | बैद्य | चौथो | स्वास्थ्य | करार |
| **महिला, वालबालिका तथा जेष्ठनागरिक शाखा** | | | | | |
| १ | कल्पना कार्की | पोषण | चौथो | पोषण | करार |
| **योजना, अनुगमन तथा तथ्याङ्क शाखा** | | | | | |
| १ | नरहरी सिंह ठेकरे | योजना अधिकृत | छैटौं | विविध | करार |
| **कृषि तथा पशुपन्छि शाखा** | | | | | |
| १ | योगेन्द्र सिंह डागा | कृषि स्नातक | छैटौं | कृषि | करार |
| २ | नर सिंहठगुन्नन | प.स्वा.प्रा | पाँचौं | कृषि/पशु | स्थायी |
| ३ | ओमप्रकास बुढाथोकी | प.स्वा.प्रा | पाँचौं | कृषि/पशु | स्थायी |
| ४ | स्वोरुपा सिंह | कृषि प्रा | पाँचौं | कृषि/पशु | स्थायी |
| ५ | उमेश थारु | ना.प.स्.प्रा | चौथो | कृषि/पशु | स्थायी |
| ६ | हरी नेपाली | ना.प्रा.स | चौथो | कृषि/पशु | स्थायी |
| ७ | दमन सिंह धामी | पशु प्राविधिक | चौथो | कृषि/कृषि | करार |
| **रोजगार सेवा केन्द्र** | | | | | |
| १ | हेम बहादुर सिंह बोहरा | रोजगार संयोजक | पाँचौं | श्रम/रोजगार | करार |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २ | अशोक सिंह धामी | रोजगार सहायक | पाँचौं | श्रम/रोजगार | करार |
| ३ | विक्रम सिंह धामी | सब ईन्जिनियर | पाँचौं | ईन्जिनियरिङ/सिभिल | करार |
| | | राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण ईकाइ | | | |
| १ | दिपिक राम टमटा | एमआईएस अपरेटर | पाँचौं | विविध | करार |
| २ | लिलाधर सिंह रोकाया | फिल्ड सहायक | चौथो | विविध | करार |
| ३ | रेवती कुमारी कुवर | फिल्ड सहायक | चौथो | विविध | करार |
| | | लघुउद्यम | | | |
| १ | धर्मान्नद भट | लघुउद्यम सहजकर्ता | चौथो | लघुउद्यम | करार |
| २ | छाया कुमारी धामी | लघुउद्यम सहजकर्ता | चौथो | लघुउद्यम | करार |
| | | खानेपानी तथा स्वच्छता इकाई | | | |
| १ | विषन सिंह बुडाथोकी | जलस्रोत अधिकृत | छैटौं | विविध | करार |
| २ | नरेन्द्र सिंह महर | खा.पा.स.टे | चौथो | इन्जिनियरिङ | स्थायी |
| ३ | दमन्ती रोकाया | सरसफाई तथा स्वस्छता प्रर्पधन | चौथो | विविध | करार |
| ४ | सनम सिंह धामी | स्थानीय स्रोत व्यक्ति | चौथो | विविध | करार |
| ५ | पुस्पा लोथ्याल | स्थानीय स्रोत व्यक्ति | चौथो | विविध | करार |
| | | अध्यक्ष सचिवालय | | | |
| १ | उमेश सिंह ठेकरे | कार्यालय सहायक | चौथो | विविध | करार |
| | | नापी इकाई | | | |
| १ | लोकेन्द्र धामी | अमिन | चौथो | ईन्जिनियरिङ/सर्भे | करार |
| | | वडा नं. १ | | | |
| १ | अगबर जागरी | खरिदार | चौथो | प्रशासन | स्थायी |
| २ | जयप्रकास लोथ्याल | असई | चौथो | ईन्जिनियरिङ/सिभिल | करार |
| ३ | प्रकास सिंह जागरी | ना.प्रा.स कृषि | चौथो | कृषि/पशु | करार |
| ४ | मन्जु लोथ्याल | सामाजिक परिचालक | चौथो | विवध | करार |
| ५ | सोविता जागरी | का.स. | श्रेणीविहिन | | करार |
| | | वडा नं. २ | | | |
| १ | रोशन बोहरा | अ.स.ई | चौथो | इन्जिनियरिङ | स्थायी |
| २ | रमेश सिंक लोथ्याल | सामाजिक परिचालक | चौथो | विवध | करार |
| ३ | युवराज लोथ्याल | पशु प्राविधिक | चौथो | कृषि/पशु | करार |
| ४ | शरद धामी | ना.प्रा.स कृषि | चौथो | कृषि/पशु | करार |
| ५ | कालो धामी | का.स. | श्रेणी विहिन | | स्थायी |
| | | वडा नं. ३ | | | |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १ | दिपक राज जोशी | सहायक प्रशासन | पाँचौं | प्रशासन | स्थायी |
| २ | बसन्त सिंह ठेकरे | असई | चौथो | ईन्जिनियरिङ/सिभिल | करार |
| ३ | निरा ओइरे | ना.प्रा.स कृषि | चौथो | कृषि/पशु | करार |
| ४ | प्रशु सिंह कार्की | सामाजिक परिचालक | चौथो | विवध | करार |
| ५ | कृतिका बोहरा | पशु प्राविधिक | चौथो | कृषि/पशु | करार |
| ६ | उर्मिला कार्की | का.स. | श्रेणीविहिन | | करार |
| **वडा नं. ४** | | | | | |
| १ | दुर्गा सिंह | वडा सचिव | पाँचौं | प्रशासन/साप्र | स्थायी |
| २ | विरेन्द्र सिंह ठेकरे | असई | चौथो | ईन्जिनियरिङ/सिभिल | करार |
| ३ | रिला कुमारी रोकाया | सामाजिक परिचालक | चौथो | विवध | करार |
| ४ | निर्मला धामी | पशु प्राविधिक | चौथो | कृषि/पशु | करार |
| ५ | अन्जिला मन्याल | ना.प्रा.स कृषि | चौथो | कृषि/पशु | करार |
| **वडा नं. ५** | | | | | |
| १ | मेनुका उपाध्याय | सहायक चौथो | चौथो | प्रशासन | स्थायी |
| २ | रोहित धामी | ना.प्रा.स कृषि | चौथो | कृषि/पशु | करार |
| ३ | मान सिंह धामी | सामाजिक परिचालक | चौथो | विवध | करार |
| ४ | राजेन्द्र राम टमटा | पशु प्राविधिक | चौथो | कृषि/पशु | करार |
| ५ | राम सिंह धामी | का.स. | श्रेणीविहिन | | करार |
| **वडा नं. ६** | | | | | |
| १ | रमेश चौधरी | अ.स.ई | चौथो | इन्जिनियरिङ | स्थायी |
| २ | कलम सिंह महता | सामाजिक परिचालक | चौथो | विवध | करार |
| ३ | गोपिनि महता | का.स. | श्रेणीविहिन | | करार |
| **खण्डेश्वरी स्वास्थ्य चौकि** | | | | | |
| १ | लालु रोकाया | सिअनमी | छैटौं | स्वास्थ्य | स्थायी |
| २ | मन्तोली धामी | सिअनमी | पाँचौं | स्वास्थ्य | स्थायी |
| ३ | गणेश राज जोशी | हेअ | पाँचौं | स्वास्थ्य | स्थायी |
| ४ | हेमा बोहरा | अ.न.मी | चौथो | स्वास्थ्य | स्थायी |
| ५ | रमिता चौधरी | अ.हे.ब | चौथो | स्वास्थ्य | स्थायी |
| ६ | धनुरा ठेकरे | ल्याब | चौथो | स्वास्थ्य | करार |
| ७ | प्रविन बोहरा | अहेब | चौथो | स्वास्थ्य | करार |
| ८ | सिन्दु धामी | अनमी | चौथो | स्वास्थ्य | करार |
| ९ | अहिल्या धामी | का.स. | श्रेणीविहिन | | करार |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १० | तारा ठेकरे | स्वीपर | श्रेणीविहिन | | करार |
| **घुसा स्वाथ्य चौकि** | | | | | |
| १ | महेश्वरी बुढा मगर | हेअ | पाँचौं | स्वास्थ्य | स्थायी |
| २ | मनोज मल्ल | अ.हे.ब | चौथो | स्वास्थ्य | स्थायी |
| ३ | प्रशान्त थोकर तामाङ | अ.हे.ब | चौथो | स्वास्थ्य | स्थायी |
| ४ | भागरथि धामी | अनमी | चौथो | स्वास्थ्य | करार |
| ५ | पशुपति धामी | अनमी | चौथो | स्वास्थ्य | करार |
| ६ | रुकमति कार्की | का.स. | श्रेणीविहिन | | करार |
| ७ | सारदा कार्की | स्वीपर | श्रेणीविहिन | | करार |
| **पाथा आधारभुत स्वास्थ्य केन्द्र** | | | | | |
| १ | रोहित ठेकरे | अहेब | चौथो | स्वास्थ्य | करार |
| २ | राजु कुमारी ठेकरे | अनमी | चौथो | स्वास्थ्य | करार |
| ३ | गिता धामी | का.स. | श्रेणीविहिन | | करार |
| ४ | कमला धामी | स्वीपर | श्रेणीविहिन | | करार |
| **सीती आधारभुत स्वास्थ्य केन्द्र** | | | | | |
| १ | बिक्रम सिंह लोथ्याल | अहेब | चौथो | स्वास्थ्य | करार |
| २ | पार्वति धामी | अनमी | चौथो | स्वास्थ्य | करार |
| ३ | कसिस्मा जागरी | का.स. | श्रेणीविहिन | | करार |
| ४ | सुनमति लोथ्याल | स्वीपर | श्रेणीविहिन | | करार |
| **साउगन्ना आधारभूत स्वास्थ्य केन्द्र** | | | | | |
| १ | पुजा पन्त | अ.न.मी | चौथो | स्वास्थ्य | स्थायी |
| २ | महेश ठगुन्ना | अहेब | चौथो | स्वास्थ्य | करार |
| ३ | वागमती धामी | अनमी | चौथो | स्वास्थ्य | करार |
| ४ | अन्जु धामी | का.स. | श्रेणीविहिन | | करार |
| ५ | सकुन्तला धामी | स्वीपर | श्रेणीविहिन | | करार |
| **धंकंङ आधारभूत स्वास्थ्य केन्द्र** | | | | | |
| १ | असोक सिंह धामी | अ.हे.ब | चौथो | स्वास्थ्य | स्थायी |
| २ | दिपक राज भट्ट | अहेब | चौथो | स्वास्थ्य | करार |
| ३ | जानकी जोशी | अनमी | चौथो | स्वास्थ्य | करार |
| ४ | अक्कल महता | का.स. | श्रेणीविहिन | | करार |
| ५ | निर्मला महता | स्वीपर | श्रेणीविहिन | | करार |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## ग) स्थानीय तहको संस्थागत स्वमूल्यांकन नतिजाः

| स्व-मूल्याङ्कन विषयक्षेत्रहरु | प्राप्ताङ्क |
|---|---|
| शासकीय प्रवन्ध | ८ |
| संगठन तथा प्रशासन | ८ |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ८ |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ |
| सेवा प्रवाह | १४ |
| न्यायिक कार्य सम्पादन | ७ |
| भौतिक पूर्वाधार | ९ |
| सामाजिक समावेशीकरण | ६ |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ६.५ |
| सहकार्य र समन्वय | ४.७५ |
| जम्मा | ८२.२५ |

## घ) वित्तीय सुशासन

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ८९ | १७५२७ | ० | १४ | २०६७ | ६९ | ७५ | १५४६० | २९७ | ४४३९ | १०७२४ | ० | ० | १५१६३ | |

### अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | ५३७०२ | ० | ९८० | ५२७२२ | ० | १५४६० | ६८१८२ |